बैठकको नामः क्व्होलासोथार गाउँपालिका (गाउँ कार्यपालिकाको बैठक)

बैठक क्रम संख्याः दशौं

अध्यक्षताः अध्यक्ष श्री सूर्यप्रसाद गुरुङ

मितिः २०८२।१२।२२, आइतबार

स्थानः क्व्होलासोथार गाउँपालिका, वडा नं ९ को कार्यालय गिलुङ।

उपस्थितीः

| क्र.स. | नामथर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | सूर्यप्रसाद गुरुङ | अध्यक्ष | क्व्होलासोथार गा.पा. -६ | |
| २ | गमीमाया गुरुङ | उपाध्यक्ष | क्व्होलासोथार गा.पा. -४ | |
| ३ | पेमा गुरुङ | वडा अध्यक्ष, वडा नं. १ | क्व्होलासोथार गा.पा. -१ | |
| ४ | खुसिमान गुरुङ | वडा अध्यक्ष, वडा नं. २ | क्व्होलासोथार गा.पा. -२ | |
| ५ | आसविर गुरुङ | वडा अध्यक्ष, वडा नं. ३ | क्व्होलासोथार गा.पा. -३ | |
| ६ | नारायण गुरुङ | वडा अध्यक्ष, वडा नं. ४ | क्व्होलासोथार गा.पा. -४ | |
| ७ | गित बहादुर गुरुङ | वडा अध्यक्ष, वडा नं. ५ | क्व्होलासोथार गा.पा. -५ | |
| ८ | मनलाल गुरुङ | वडा अध्यक्ष, वडा नं. ६ | क्व्होलासोथार गा.पा. -६ | |
| ९ | लक्ष्मन गुरुङ | वडा अध्यक्ष, वडा नं. ७ | क्व्होलासोथार गा.पा. -७ | |
| १० | सन्तोष घले | वडा अध्यक्ष, वडा नं. ८ | क्व्होलासोथार गा.पा. -८ | |
| ११ | हुमराज गुरुङ | वडा अध्यक्ष, वडा नं. ९ | क्व्होलासोथार गा.पा. -९ | |
| १२ | श्री गंगा बहादुर घले | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -३ | |
| १३ | श्री सुल बहादुर बि.क. | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -३ | |
| १४ | श्री हेमन्ता गुरुङ | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -४ | |
| १५ | श्री केश कुमारी गुरुङ | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -८ | |
| १६ | श्री खास देवी गुरुङ | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -९ | |
| १७ | श्री पुष्पा सुनार | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -७ | |
| १८ | श्री माधव प्रसाद वाग्ले | प्रमुख प्रशासकीय अधिकृत | क्व्होलासोथार गा.पा. | |
| १९. | श्री अनिल पौडेल | सूचना प्रविधि अधिकृत | " | |
| २०. | श्री दिपकराज पौडेल | शिक्षा शाखा प्रमुख | " | |
| २१. | श्री रमेश शर्मा | न्यायिक सहजकर्ता | " | |
| २२. | श्री चित्र घर्ती | अधिकृत छैठौं | " | |
| २३. | श्री प्रकाश शेरचन | सि.स.ई | " | |
| २४. | श्री डा. अनुप गुरुङ | पशु चिकित्सक | " | |
| २५. | श्री सन्दीप गुरुङ | रोजगार संयोजक | " | |
| २६. | श्री स्मृति अधिकारी | कृषि अधिकृत | " | |
| २७. | श्री अरविन्द चौधरी | हे.अ. | " | |
| २८. | श्री निराज थापा | स.ई | " | |

| | | | | |
|---|---|---|---|---|
| २९. | बसन्त पौडेल | लेखापाल | क्व्होलासोथार गा.पा | |
| ३०. | भिमलाल पोखरेल | प्रा.स | ॥ | |
| ३१. | तिलक के.सी | अ.ले.प | ॥ | |
| ३२. | सत्यम पाण्डे | स.ई | ॥ | |
| ३३. | ममता गुरुङ | उ.वि.स | ॥ | |
| ३४. | कल्पना गुरुङ | एम.आई.एस. अपरेटर | ॥ | |

**दशौं कार्यपालिका बैठक २०८२।१२।२२ गते, आइतवार**

**प्रस्ताव नं १. प्रदेश विशेष र समपूरक अनुदान अन्तर्गतका आयोजना तथा कार्यक्रमहरु छनौट/ प्राथमिकिकरण र माग प्रस्ताव सम्बन्धी।**

**निर्णय नं १** . गण्डकी प्रदेश नीति तथा योजना आयोग, पोखरासमक्ष प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ बमोजिम स्थानीय तहलाई प्रदान गरिने वित्तीय हस्तान्तरण अन्तर्गत आगामी आ.व. ०८३/८४ का लागि प्रदेश समपुरक र विशेष अनुदान अन्तर्गत कार्यान्वयन हुने आयोजना/कार्यक्रम/क्रियाकलापहरुमा यस क्व्होलासोथार गाउँपालिकाबाट बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि २०८१(दोस्रो संशोधन) को दफा १० बमोजिम देहायका आयोजना/कार्यक्रम/क्रियाकलापहरु माग गर्ने निर्णय ।

तपसिलः

**समपूरकः**

१. मालिङ डाँडागाउँ आन्तरिक सडक स्तरोन्नती, वडा नं २

२. कपुरगाउँ नजरे करैभिर सडक स्तरोन्नती, वडा नं १

३. बालुवाबेसीं भोजेचोक सडक स्तरोन्नती, वडा नं ७

**विशेषः**

१. सिङदी कर्पुडाँडा पर्यटकीय पदमार्ग, वडा नं ५

२. गोरखापार्क पुन: निर्माण, वडा नं ३

३. मिल्दुकोट दरबार पर्यटकीय पदमार्ग, वडा नं ७

**प्रस्ताव नं २. अनुगमन तथा मुल्याङ्कन गर्ने जिम्मेवार शाखा र पदाधिकारी तोक्ने सम्बन्धमा।**

**निर्णय नं २** . अनुगमन तथा मूल्याङ्कन ऐन, २०८० को दफा १५ बमोजिम यस गाउँपालिका वा अन्तर्गत कार्यान्वयन हुने आयोजना/कार्यक्रम/क्रियाकलापहरुको अनुगमन तथा मुल्याङ्कन गरी गाउँ कार्यपालिकाको कार्यालयमा भुक्तानीपुर्व सिफारिस गर्न देहाय बमोजिमको अनुगमन तथा मुल्याङ्कन समिति रहने।

देहाय

**अनुगमन तथा मुल्याङ्कन समिति**

| | |
|---|---|
| संयोजक | - उपाध्यक्ष गमीमाया गुरुङ |
| सदस्य | - ई. प्रकाश शेरचन |
| सदस्य | - योजना अधिकृत चित्र घले |

आमन्त्रित

कार्यक्रमसँग सम्बन्धित शाखा प्रमुख

CamScanner

## दशौं कार्यपालिका बैठक २०८२।१२।२२ गते, आइतवार

**प्रस्ताव नं ३. स्थानीय पूर्वाधार संरक्षण तथा उपयोग व्यवस्थापन समिति गठन सम्बन्धमा।**

**निर्णय नं ३.** यस गाउँपालिकाभित्र निर्माण भएका सार्वजनिक पूर्वाधार (सडक, पुल, खानेपानी, सिँचाई,भवन आदी) को संरक्षण, मर्मतसम्भार तथा दिगो उपयोग सुनिश्चित गर्नका लागि देहाय बमोजिमको वडास्तरीय स्थानीय पूर्वाधार संरक्षण तथा उपयोग व्यवस्थापन समिति गठन गर्ने।

**स्थानीय पूर्वाधार संरक्षण तथा उपयोग व्यवस्थापन समिति**

| | |
|---|---|
| संयोजक | - वडा अध्यक्ष |
| सदस्य | - वडा प्राविधिक |
| सदस्य | - वडाका उपभोक्ता समितिका प्रतिनीधिहरु (१ महिला सहित ३ जना) |
| सदस्य | - वडाका टोल विकास संस्था, आमा समूह, युवाक्लवका प्रतिनीधिहरु |
| सदस्य सचिव | - वडा सचिव |

**प्रस्ताव नं ४. करार सेवामा कार्यरत कर्मचारीहरुको म्याद थप सम्बन्धमा।**

**निर्णय नं ४.** क्व्होलासोथार गाउँपालिको स्वीकृत दरबन्दीमा कार्यरत करार सेवाका सम्पूर्ण कर्मचारीहरुको मिति २०८३ बैशाख ०१ देखि लागू हुने गरी २०८३ असार मसान्तसम्मको लागि ३ महिना म्याद थप गर्ने। अस्वीकृत दरबन्दीमा कार्यरत कर्मचारीहरुले नेपाल सरकारबाट भएका निर्देशन बमोजिम आफ्नो सेवा तथा लगती बेरुजुको जिम्मेवारी आफैं लिने गरी कार्यसम्पादन गर्ने साथै कार्यरत सम्पूर्ण कर्मचारीहरुले अनुशासन, आचारसंहिताको पालना गर्नुपर्ने अन्यथा सम्झौता रद्द हुने।

**प्रस्ताव नं ५. मन्त्रालयगत आयोजना/कार्यक्रम पेश सम्बन्धमा।**

**निर्णय नं ५.** आ.व. २०८३।०८४ मा संघीय/प्रादेशिक मन्त्रालयहरुमा देहाय बमोजिमका आयोजना/ कार्यक्रमहरु लागि आवश्यक वजेट माग गर्न अनुमति दिने।

**भौतिक पुर्वाधार विकास तथा यातायात मन्त्रालय/ शहरी विकास मन्त्रालयअन्तर्गत**

**क.** मोटरबाटो निर्माण तथा स्तरोन्नति

१. पसगाउँ भुजुङ मोटरबाटो स्तरोन्नति, वडा नं ६ र ४
२. गिलुङ बेत्यानी मोटरबाटो स्तरोन्नति, वडा नं ९
३. पुमाभिर बाग्लुङपानी मोटरबाटो स्तरोन्नति, वडा नं ९
४. साल्मेभन्ज्याङ घाम्राङ पसगाउँ सिङ्दी मोटरबाटो स्तरोन्नति, वडा नं ५,६,८ र ९
५. च्यागे भोजे कुम्लुङ मोटरबाटो स्तरोन्नति, वडा नं ७
६. बालुवाबेसी चरागाउँ ससम्रो मोटरबाटो स्तरोन्नति, वडा नं ७

CamScanner

## दशौं कार्यपालिका बैठक २०८२।१२।२२ गते, आइतवार

७. काँडेल्हु खगुम काम्दु मोटरबाटो मोटरबाटो स्तरोन्नति, वडा नं ३
८. नजरे साम्प्रोङ मोटरबाटो स्तरोन्नति, वडा नं १
९. मिदिमखोला करिडोर निर्माण क्व्होलासोथार गा.पा.
१०.मकैमोरङ नाल्मा मोटरबाटो निर्माण, वडा नं २
११.मुग्रीबेसी बालुवा बेसी बगैंचा पसगाउँ सडक स्तरोन्नति, कास्की लमजुङ

ख. मोटरेवल पुल

१. ससम्रो रुदीखोला मोटरेवल पुल वडा नं ७ र मादी गा.पा
२. मिदिमखोला मोटरेवल पुल वडा नं ४
३. मिदिमखोला मोटरेवल पुल वडा नं २ र ८
४. पन्द्रखोला मोटरेवल पुल वडा नं ९ र मध्यनेपाल न.पा.

ग. भवन

१. पर्यटन सभाहल वडा नं ३
२. पशुपति न्यायप्रेमी आमा समूह वडा नं ७
३. सुनकन्या आमा समूह वडा नं ३
४. युम्पो विकास आमा समूह वडा नं ४
५. हिमाली आमा समूह वडा नं २
६. समृद्धिटोल आमा समूह वडा नं ६
७. प्रगति आमा समूह वडा नं ४
८. प्रगतिशिल आमा समूह वडा नं १
९. बजारटोल भाञ्छा घर वडा नं १
१०.हिमालज्योति आमा समूह वडा नं ५

घ. कार्यक्रम

१. Waste to Energy कार्यक्रम
२. वस्ती विकास कार्यक्रम

### कृषि तथा पशुपंक्षी विकास मन्त्रालयअन्तर्गत

१. शितभण्डार निर्माण क्व्होलासोथार गा पा

### युवा तथा खेलकुद मन्त्रालयअन्तर्गत

१. बुद्धोदय मा.वि. खेलमैदान स्तरोन्नती, वडा नं ९
२. स्वर्गभूमी खेलमैदान स्तरोन्नती, वडा नं ३
३. पसगाउँ ठाँटी मा.वि. खेलमैदान स्तरोन्नती, वडा नं ६
४. त्रिभुवन मा.वि. खेलमैदान स्तरोन्नती, वडा नं ४
५. मालिङ खेलमैदान स्तरोन्नती, वडा नं २
६. बाग्लुङपानी खेलमैदान स्तरोन्नती, वडा नं १
७. सूर्योदय मा.वि. खेलमैदान स्तरोन्नती, वडा नं ८
८. हिमालयन मा वि खेलमैदान स्तरोन्नती, वडा नं ५
९. केम्ले खेलमैदान स्तरोन्नती, वडा नं ७

क्व्होलासोथार गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मालिङ, लमजुङ गण्डकी प्रदेश, नेपाल २०७३

CamScanner

**दशौं कार्यपालिका बैठक २०८२।१२।२२ गते, आइतवार**

**संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गत**

१. रोयल गोर्खा ट्रेल, लमजुङ, मनाङ
२. मुधि पर्यटकीय स्थल क्व्होलासोथार गा पा
३. मिल्दुकोट पर्यटकीय स्थल क्व्होलासोथार गा पा
४. क्वाई बो धिं/ मठ/ मन्दिर गुम्बा मर्मत निर्माण /मर्मत क्व्होलासोथार गा पा

**प्रस्ताव नं ६. आर्थिक सहायता सम्बन्धमा।**

**निर्णय नं ६.** सम्बन्धित व्यक्ति तथा संस्थाबाट प्राप्त निवेदन सहित आवश्यक संलग्न कागतजातहरु र वडा कार्यालयको सिफारिसका आधारमा देहायका संस्था तथा व्यक्तिहरुलाई आर्थिक सहायता उपलब्ध गराउने।

| क्र.सं. | व्यक्ति तथा संस्थाको नाम | सहायता रकम/ सामाग्री | उपलब्धताको कारण |
|---|---|---|---|
| १. | पसगाउँ सामुहिक होमस्टे, वडा नं ६ | रु. ३,७५,०००। | १६ औं पसगाउँ महोत्सव सञ्चालन तथा व्यवस्थापन |
| २. | होम बहादुर गुरुङ, वडा नं ८ | रु. १,००,०००। | ब्रेन इन्जुरी उपचार खर्च |
| ३. | ४ औं कर्पोरेट फुटसल प्रतियोगिता | रु. ३३,०००। | प्रतियोगितामा कर्मचारी सहभागि खर्च |
| ४. | सविता गुरुङ, वडा नं ४ | रु. १,००,०००। | स्तन क्यान्सर उपचार खर्च |
| ५. | गोपाल नेपाली, वडा नं ८ | रु. ५०,०००। | मुत्रथैली शल्यक्रिया उपचार खर्च |
| ६. | भिम बहादुर गुरुङ, वडा नं ३ | ( 2X2=3 , 2X1.5=10) १३ जाली | पहिरो/विपद व्यवस्थापन |

**प्रस्ताव नं ७. विविध।**

**निर्णय नं ७.**

क) गण्डकी प्रदेशभित्रका गुरुङ समुदायमा साउन र चैत महिनाको अन्तिम मंगलबार मनाउने ट्होटे पर्वका अवसरमा मिति २०८१।१२।२४ गते मंगलबार स्थानीय सार्वजनिक विदा दिने निर्णय।

ख) उपभोक्ता समितिसँग सम्झौता भइ निर्माण भइरहेका योजनाहरुमध्ये निर्धारित समयअवधीमा कार्यसम्पन्न हुन नसकेका योजनाहरुको प्राविधिक शाखाको सिफारिस बाहेक २०८३ जेठ मसान्तसम्म निर्माणसम्पन्न अवधी थप गर्ने निर्णय।

ग) क्व्होलासोथार गाउँपालिका वडा नं २ का स्थायी बासिन्दा श्री विनोद मगरलाई अध्यक्ष सवार गाडीको हलुका सवारी चालक पदमा मिति २०८२।११।०९ देखी लागु हुने गरी करार नियुक्ति गर्ने निर्णय।

CamScanner

**दशौं कार्यपालिका बैठक २०८२।१२।२२ गते, आइतवार**

घ) स्थानीय तह कार्यसम्पादन मुल्याङ्कन प्रणाली (LGPAS) मा यस गाउँपालिकाको आ. व. २०८१।०८२ मा कार्यसम्पादन मापन अंक ६९.५ प्रारम्भिक रुपमा प्राप्त गरेको र प्रमुख प्रशासकीय अधिकृतद्धारा मिति २०८२।१२।२० गते समयसिमाभित्र जिल्ला समन्वय समिति, लमजुङमा पेश भएको विवरण अनुमोदन गर्ने ।

ङ) ग्रामिण पर्यटन प्रवर्द्धन गर्न वडास्थित सामुहिक होमस्टेहरुलाई पर्यटन सम्बन्धी सुचनामुलक बोर्डहरु उपलब्ध गराउने ।

च) वडा नं ३ स्थित घलेगाउँ सामुदायिक स्वास्थ्य इकाईमा रहेको बैठक हललाई २४ घण्टे SBA अ.न.मी.को बसोबासको लागि अतिरिक्त कोठा निर्माण गर्न अनुमति दिने ।